**प्रस्तावहरुः**

२०८१/०८२-१२।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा
२०८१/०८२-१२।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।
२०८१/०८२-१२।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।
२०८१/०८२-१२।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।
२०८१/०८२-१२।०५ विपद् व्यवस्थापन समितिको वैठकका निर्णयहरूको अनुमोदन सम्बन्धमा ।
२०८१/०८२-१२।०६ रूपा-५, सहेला र पोखरा-३२ जोड्ने मोटरेवल पुल सम्बन्धमा ।
२०८१/०८२-१२।०७ विशेष गाउँसभा सम्बन्धमा ।
२०८१/०८२-१२।०८ अन्तरस्थानीय तह साझेदारी योजना सम्बन्धमा ।
२०८१/०८२-१२।०९ भुमी सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन सम्बन्धमा।
२०८१/०८२-१२।१० रूपा गाउँपालिकाभित्रका सडकहरूको मापदण्ड सम्बन्धमा ।
२०८१/०८२-१२।११ आर्थिक वर्ष २०८२/०८३ को लागि प्रदेश सरकारसँग विशेष र समपुरक योजना/कार्यक्रम माग सम्बन्धमा ।
२०८१/०८२-१२।१२ नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन सम्बन्धमा ।
२०८१/०८२-१२।१३ विविध सम्बन्धमा ।

खर्च अनुमोदन सम्बन्धमा ।
बोलपत्र स्वीकृत अधिकार प्रत्यायोजन सम्बन्धमा ।
थप प्रोत्साहन उपलब्ध गराउने सम्बन्धमा ।
२ नं वडा कार्यालयको प्रशासकीय भवनको ठेक्का म्याद थप सम्बन्धमा ।

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०८१/०८२-१२।०१**

प्रस्ताव नं २०८१/०८२-१२।०१ उपर छलफल गर्दा १६२औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल तथा समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१२।०२**

प्रस्ताव नं २०८१/०८२-१२।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

रुपा गाउँपालिका कास्की

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-१२।०३</u>**

प्रस्ताव नं २०८१/०८२-१२।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-१२।०४</u>**

प्रस्ताव नं २०८१/०८२-१२।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए गरेका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

तपसिलः

मानव अधिकार सम्बन्धी कार्यक्रम

सुशासन सम्बन्धी कार्यक्रम

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-१२।०५</u>**

प्रस्ताव नं २०८१/०८२-१२।०५ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको मिति २०८१।१२।२९ गतेको रूपा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको वैठकको निर्णयहरू अनुमोदन गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-१२।०६</u>**

प्रस्ताव नं २०८१/०८२-१२।०६ उपर छलफल गर्दा रूपा गाउँपालिका वडा नं ५, सहेला र पोखरा महानगरपालिका, वडा नं ३२ जोड्ने मोटरेवल पुल नहुँदा आवतजावतमा असर परेको भनी रूपा गाउँपालिका कास्कीको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको मिति २०८१।१२।२९ को निर्णयानुसार पेस भएकाले उक्त स्थानमा चालु आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयन हुनेगरी ४० मिटरको बेलिब्रिज प्राप्त हुने निश्चित भएकाले बेलिब्रिज जडानको लागि प्रदेश सरकारसँग आवश्यक बजेट व्यवस्था हुन माग गर्ने, एवम् कार्यक्रम कार्यान्वयन गर्ने समय अत्यन्त कम भएको र वर्षायाम समेत नजिकिइ सकेकाले बर्षायाम सुरु हुनु अगाबै छिटो प्रक्रियाबाट बेलिब्रिज जडान हुनको लागि सम्बन्धित निकायमा सिफारिस हुन जिल्ला विपद् व्यवस्थापन समितिलाई लेखी पठाउने निर्णय गरियो।साथै उक्त पुल जडानका लागि यस गाउँपालिकाबाट हुने साझेदारी वापत अधिकतम् २५ प्रतिशत रकम स्रोत सुनिश्चित गरिने निर्णय गरियो ।

**<u>,कार्यपालिका निर्णय नं २०८१/०८२-१२।०७</u>**

प्रस्ताव नं २०८१/०८२-१२।०७ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीका गाउँसभा सदस्यहरू मध्ये १३ जना गाउँसभा सदस्यहरूले सडकको मापदण्ड, सहेला पुल, रकमान्तर लगायतका कारणहरू जनाइ विशेष गाउँसभा अधिवेशन आह्वान गरिदिन लिखित अनुरोध भएकोमा उक्त अनुरोध स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १९ को उपदफा ३ र गण्डकी प्रदेशको स्थानीय सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ३ को उपदफा ३ अनुसार न्युनतम सदस्य सङ्ख्या पुगेको देखिएकाले मिति २०८२।०१।२२ गते दिनको १.०० बजेदेखि गाउँसभा अधिवेशनको विशेष वैठक सञ्चालन गर्ने निर्णय गरियो ।



रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०८१/०८२-१२।०८**

प्रस्ताव नं २०८१/०८२-१२।०८ उपर छलफल गर्दा पोखरा महानगरपालिका कास्कीसँगको लागत साझेदारीमा आर्थिक वर्ष २०८१।०८२ का लागि विनियोजन भएको रकम रोयल ट्रेकको लागि खर्च गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१२।०९**

प्रस्ताव नं २०८१/०८२-१२।०९ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको भूमि सम्बन्धी समस्या समाधानको लागि भूमिहिन दलित, सुकुम्बासी र अव्यवसव्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ को उपदफा १ बमोजिम तपसिलका सदस्यहरू रहनेगरी स्थानीय भुमि समस्या समाधान सम्बन्धी सहजीकरण समिति गठन गरियो।

तपसिलः

संयोजकः श्री नवराज ओझा अध्यक्ष रूपा गाउँपालिका कास्की

उपसंयोजकः श्री लालसुब्बा गुरूङ उपाध्यक्ष

सदस्यः श्री हिता रूपाखेती, कार्यपालिका सदस्य, दलित सदस्य

सदस्यः श्री कृष्ण कुमारी घर्ती, कार्यपालिका सदस्य, महिला सदस्य

सदस्यः राजनैतिक दलका स्थानीय प्रमुख वा प्रतिनिधि

सदस्यः स्थानीय तहका क्रियाशिल भूमिहिन किसान, सुकुम्बासी र आवासको क्षेत्रमा काम गरिरहेका संघ, संगठन तथा नागरिक समाजबाट नहोहोरिने गरी एक महिला र एक दलित सहित ३ जना

सदस्य सचिवः चिरन्जीवी बराल प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका निर्णय नं २०८१/०८२-१२।१०**

प्रस्ताव नं २०८१/०८२-१२।१० उपर छलफल गर्दा रूपा गाउँपालिका कास्की अन्तर्गतका सडकहरूको मापदण्ड संशोधन गर्नुपर्ने देखिएकाले सो को प्रक्रिया अगाडि बढाइ आगामी गाउँसभामा पेस गर्नेगरी कार्यालय प्रमुखलाई निर्देशन दिने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१२।११**

प्रस्ताव नं २०८१/०८२-१२।११ उपर छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को लागि गण्डकी प्रदेश सरकारसँग तपसिलका विशेष र समपुरक योजना/कार्यक्रमको लागि प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र स | माग गर्ने निकाय | अनुदानको प्रकृति | योजना/कार्यक्रमको नाम ठेगाना | अनुमानित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | गण्डकी प्रदेश | समपुरक | १) वडा कार्यालय, हेल्थपोष्ट हुदैं खाल्टे मोटरबाटो रुपा ४ | २ करोड | |
| | | | २) स्याक्लुङकोट - रामकोट मोटरबाटो रुपा ७ | २ करोड | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ३) तिसको मुहान, ठाँटीथर थुम्का मोटरबाटो रुपा ३ | २ करोड | |
| २ | | विशेष | दुध तथा मासु उत्पादन वृद्दि कार्यक्रम | रू ४० लाख लाख | |

**कार्यपालिका निर्णय नं २०८१/०८२-१२।१२**

प्रस्ताव नं २०८१/०८२-१२।१२ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखराको मिति २०८१/१२/२२ को नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि अवधारणापत्र पेस गर्ने सम्बन्धी सूचना अनुसार रूपा गाउँपालिकामा आयआर्जनका लागि खाली जग्गामा मसलाजन्य बाली (बेसार, अदुवा, लसुन, प्याज लगायत) उत्पादन प्रवर्धन परियोजना सञ्चालनका लागि प्रस्ताव पेस गर्ने। साथै उक्त परियोजना सञ्चालनार्थ नवप्रवर्धन साझेदारी कोष कार्यान्वयन निर्देशिका,२०७८ बमोजिम गाउँपालिकाबाट हुने लागत साझेदारी बापतको न्यूनतम ३० प्रतिशत साझेदारी आगामी गाउँसभाबाट सुनिश्चित हुने तथा चालु आर्थिक वर्षमा कार्यान्वयन हुन आउने रकम रू ९ लाखको न्युनतम लागत साझेदारी बापतको रकम रू २ लाख ७० हजार आगामी गाउँसभाबाट स्रोत सुनिश्चितता हुनेगरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख) नवप्रवर्धन साझेदारी कोष कार्यान्वयन निर्देशिका,२०७८ को दफा १६ (ज) बमोजिम तपसिलका सदस्यहरू रहनेगरी स्थानीय नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

संयोजकः श्री नवराज ओझा अध्यक्ष रूपा गाउँपालिका कास्की ।

सदस्यः श्री लालसुब्वा गुरुङ उपाध्यक्ष रुपा गाउँपालिका कास्की ।

सदस्यः श्री दिपेन्द्र गौतम वडाध्यक्ष

सदस्यः श्री कृष्ण राज सुवेदी वडाध्यक्ष

सदस्यः श्री हिता रूपाखेती कार्यपालिका सदस्य

सदस्यः श्री शुशिल अर्याल पशु चिकित्सक

सदस्यः श्री प्रकाश धानुक नाप्रास

सदस्य सचिवः श्री चिरन्जीवी बराल प्रमुख प्रशासकीय अधिकृत

ग) उल्लिखित परियोजना कार्यान्वयनका लागि यस कार्यालयमा कार्यरत पशु चिकित्सक सातौं श्री शुशिल अर्याललाइ सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१२।१३**

प्रस्ताव नं २०८१/०८२-१२।१३ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) रूपा गाउँपालिका कास्कीमा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत सङ्कलन देखि लालपुर्जा बितरण सम्बन्धी कार्यहरू गर्नेगरी यस कार्यालयमा कार्यरत सहायक प्रशासकीय अधिकृत (छैठौं) श्री गणेशभक्त त्रिपाठीलाई सम्पर्क व्यक्ति (Focal Person) तोक्ने निर्णय गरियो ।

ख) रूपा गाउँपालिका कास्कीको विपद् न्युनीकरण तथा व्यवस्थापन समितिको मिति २०८१/१२/२९ को निर्णयानुसार चालु आर्थिक वर्षमा विभिन्न मितिमा घटेका विपद्जन्य घटनाहरुबाट प्रभावित व्यक्तिहरूको वडा कार्यालयको सिफारिस, प्रहरी मुचुल्का लगायतका आवश्यक कागजातहरु सहित राहतका लागि सिफारिस भएकाले तपसिलका व्यक्तिहरूलाई देहाय बमोजिम रकम भुक्तानी दिने निर्णय गरियो ।

तपसिलः-

| क्र.सं. | निवेदकको नाम थर | ठेगाना | विपदको विवरण | स्वीकृत रकम | कै |
|---|---|---|---|---|---|
| १ | कुश बहादुर गुरुङ्ग | रुपा ६ | अविरल वर्षाको कारण घरको गाह्रो भत्किएर क्षति भएको | २००००/- | |
| २ | शिवराज ओझा | रुपा २ | बाढी पहिरोबाट घर पुरिएर २ छोरीको मृत्यु भएको र श्री मती घाईते भई उपचारत रहेको | ७५०००/- | |
| ३ | शिवहरी ढकाल | रुपा ६ | आगलागीबाट गोठ जलेर अन्दाजी ६० भारी पराल नष्ट भएको साथै भैसि जलेर उपचारत रहेको | ८०००/- | |
| ४ | रत्नदेवी शिल्वाल | रुपा ५ | अविरल वर्षाको कारण घर धन्सारको गाह्रो भत्किएर क्षति भएको | २५०००/- | |

ग) रुपा गाउँपालिका कास्की र नेलम्बो नेपालको संयुक्त आयोजनामा रुपा गाउँपालिका वडा नं . ३ स्थित जनता मा.वि. र रुपा गाउँपालिका वडा नं. ७ स्थित रामकोट मा.वि.मा निशुल्क दन्त तथा स्वास्थ्य शिविर सम्पन्न भएको र उक्त कार्यक्रममा चिकित्सक, प्राविधिक, स्वयंमसेवक लगायतका व्यक्तिहरुलाई खाना खाजा उपलब्ध गराए वापतको रकम भुक्तानीका लागि फर्म/व्यक्तिहरुले आवश्यक कागजात सहित निवेदन पेस गरेकाले तपसिलको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | फर्म/व्यक्तिको विवरण | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | रामकोट किराना पसल तथा होटल | रुपा ७ कास्की | ५३०००।- |
| २ | रसमाया किराना पसल तथा खाजा घर | रुपा ३ कास्की | ५७९७०।— |

घ) रूपा गाउँपालिका वडा नं ५ स्थित विश्वशान्ति माध्यमिक विद्यालयमा विभिन्न स्थानहरुबाट विद्यार्थीहरू पठनपाठनका लागि आउने हुँदा उक्त विद्यालयले स्कुल बसको व्यवस्था गरी

सञ्चालन गर्दै आएकोमा उक्त विद्यालयमा कार्यालय सहयोगी पदमा नियुक्त भएका रूपा ४ निवासी रमेश ओझाको बसको सवारी चालक अनुमतिपत्र समेत भएको र निजको सवारी चालकमा अनुभव समेत भएको देखिएकाले निजलाई कार्यालय सहयोगी पदको कार्य जिम्मेवारी सहित सवारी चालकको समेत थप जिम्मेवारी प्रदान गर्ने र सो बापत बेहोर्नपर्ने प्रोत्साहन रकम भुक्तानी गर्न विद्यालयमा स्रोत नभएको सो भत्ता बापतको रकम रू १२६१२/- यस गाउँपालिकामा माग गर्ने गरी मिति २०८१/११/१९ मा विद्यालय व्यवस्थापन समितिको निर्णय भइ निवेदन पेस गरेको। उक्त विद्यालयमा नियमित पठनपाठन र यातायातलाई सहज बनाउन निजलाई प्रदान गरिएको जिम्मेवारी उचित देखिएकाले सो जिम्मेवारी थप भएबापत मासिक रू ९०००/- (अक्षरेपि नौ हजार मात्र) थप प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

ङ) रूपा गाउँपालिका वडा नं ५ निवासी विश्वमोहन सिलवाल कृषि पेशामा आवद्ध रहि ठुलो क्षेत्रफलमा कृषि व्यवसाय सञ्चालन गर्दै आएकोमा निजले कृषि कर्मलाई सहज बनाउन हाते ट्र्याक्टर खरिद गरेको र वडाको सिफारिस, विल, भरपाइ, संलग्न गरी अनुदान सहयोगको लागि निवेदन पेस गरेकाले निजलाई बिल अनुसारको रकममा गाउँपालिकाको तर्फबाट बढीमा २० हजार अनुदान हुनेगरी कार्यपालिकाको निर्णयबाट हुने पूँजीगत खर्चबाट खर्च लेख्रेगरी भुक्तानी दिने निर्णय गरियो ।

च) ठेक्का नं 5 / Rupa / NCB / WORKS / 2078/ 2079, Construction of Ward no 2 Administrative Building at Rupa Rural Municipality को रूपा गाउँपालिका कास्की र निर्माण व्यवसायी Kasyap Nirwan Sewa and Suppliers Pvt. Ltd विच मिति २०७८।१०।२४ गते भएको सम्झौताअनुसार निर्माण कार्य सूचारु भइ मिति २०८१ चैत्र मसान्तसम्म म्याद भएको र निर्माण ब्यबसायीले बिजुलीको पोल समयमै स्थानान्तरण नगरेको, शिवचण्डी बाटोको ढलानले कार्य अवरोध भएको, क्रसर व्यवसायीहरूको आन्दोलन लगायतका कारण देखाइ तोकिएको समयमा कार्यसम्पन्न गर्न नसिकिने भनि म्याद थपको निवेदन पेस गरेकोमा हाल उक्त भवन निर्माण कार्य नियमित रूपमा भैरहेको र भवन सम्पन्नको चरणमा रहेकाले गाउँपालिकालाई थप आर्थिक व्ययभार नपर्ने गरी मिति २०८२ असार मसान्तसम्मको लागी म्याद थप गर्ने निर्णय गरियो ।

मिति २०८१ चैत्र २९ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(चिरन्जीवी बराल)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की